महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ अङ्क :- २३ महिना :- पौष, २०७२

## आठ महिला-बालबालिकाको हत्या

उदयपु- आफन्तबाटै बोक्सीको आरोपमा गाली र कुटपिट सहनुपरेपछि एक महिला गाउँबाट विस्थापित भएकी छन् । पहाडी गाविस भलायडाँडा ३ की महिला गाउँ छाडेर सदरमुकाम आएकी हुन् । *(नागरिक दैनिक, २६ पौष २०७२)*

रौतहट- अज्ञात व्यक्तिले जिल्लाको हर्दिया पल्टुवा– ३ मा आमाछोरीको वीभत्स हत्या गरेका छन् । गाविसको कानुटोलका ३२ वर्षीया रेणुकादेवी साह र उनकी ९ वर्षीया छोरी अंकिताको घाँटी रेटेर हत्या भएको हो । -*कान्तिपुर दैनिक, ५ पौष २०७२)*

उदयपुर- रामपुर ठोक्सिला गाविस– ८ बस्ने वर्ष ३८ की कृष्णकुमारीको विवाहको कुरा नमिलेपछि हत्या भएको छ । झापा जिल्ला तोपगाछी गाविस बस्ने २९ बर्षीय सरोज मगरले उनको हत्या गरेको बताइएको छ । मगर र कटुवालबीच केही समयदेखि शारीरिक सम्पर्क रहँदै आएको थियो । कृष्णकुमारीले आफूलाई बिहे गर्न भनेपछि विवाद बढेर गएको थियो । *(गोरखापत्र दैनिक, १७ पौष*

२०७२ को पौष महिनामा मुलुकभर महिला र बालबालिकामाथि १४ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ ।

राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार ७ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित समाचार पनि ७ वटै छन् ।

प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बालकको अपहरण गरी हत्या, बलात्कार, बोक्सी आरोप, यौनजन्य हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् ।

**महिला :-**

पौष महिनामा ४ महिलाको हत्या भएको छ, त्यसमध्ये १ महिलाको बोक्सीको आरोपमा यातना पाएर मृत्यु भएको प्रकाशित समाचारमा उल्लेख छ । त्यसैगरी ३ महिला बलात्कृत भएका छन् । एक महिला बोक्सीको आरोपमा परेको समाचार प्रकाशित छ ।




**बालबालिका :-**

त्यसैगरी ४ बालबालिकाको हत्या भएको छ । ३ बालिका बलात्कारको शिकार भएका छन् भने यौनदुर्व्यवहारका कारण १ बालिका पीडित भएको समाचार प्रकाशित भएको अनुगमनका क्रममा भेटिएको छ ।



अखबारहरुका अनुसार पौष महिनामा महिला, पुरुष र बालबालिका गरी ५ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा २ पुरुष, १-१ महिला र बालिकाको मृत्यु भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ, भने १ पुरुष घाइते भएका छन् ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल २, मध्यमाञ्चल ७, पश्चिमाञ्चल १ र सुदूर-पश्चिमाञ्चल २ रहेको देखिन्छ ।





जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।